आज मिति २०७७ साल चैत्र ८ गते दिनको ३:०० बजे नगर प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छन्।

**उपस्थिति**

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: ध्रुव थारु वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्री: नर वहादुर चौधरी वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |

| | | | |
|---|---|---|---|
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | | व्यवस्थापन टोली | |
| २८. | | श्री रेशम राज पाण्डेय का.व. वडा अध्यक्ष १३ नं वडा | का.व. वडा अध्यक्ष १३ नं वडा |
| २९. | | श्री इन्द्र वहादुर कुँवर | उपसचिव (प्रा) |
| ३०. | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| ३१. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३२. | | श्री माधव ज्ञवाली | स्वास्थ्य शाखा प्रमुख |
| ३३ | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| ३४ | | श्री पशुपति गैरे | अधिकृत छैंटौ |

प्रस्तावहरूः

(१) वारूण यन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७७

(२) बर्दघाट नगरपालिकाको लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

(३) ठेक्का बाट वचेको रकमबाट पुनः ठेक्का लगाउने सम्बन्धमा

(४) उद्योग ग्रामको DPR पारित सम्बन्धमा

(५) MIs operator को तलव साझेदारी सम्बन्धमा

(६) दमकल कर्मचारी व्यवस्थापन सम्बन्धमा

(७) विविध

नि.नं १ः

बर्दघाट नगरपालिकाको वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७७ उपर छलफल गर्दा उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय गयिरयो ।

नि.नं २ः

बर्दघाट नगरपालिकाको लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ उपर छलफल गर्दा उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं ३ः

प्रस्तुत विषयमा आ.व. ०७७/७८ को लागि तराई मधेश सम्वृद्धि कार्यक्रम, प्रदेश समपुरक कोष तथा नगरस्तरिय कार्यक्रम तर्फको स्वीकृत योजना कार्यान्वयन गर्ने सन्दर्भमा तपसिल बमोजिमका योजनाहरूको प्रथम चरणमा E– Bidding मार्फत वोलपत्र माग गरी ठेक्का प्रकृया अगाडी वढाइएकोमा तपसिल बमोजिमका योजनाहरूमा वोल पत्रबाट घटाघट भै प्रस्तावित लागंत अनुमान भन्दा कम रकममा BOQ मा उल्लेखित परिमाण बमोजिमको कार्य सम्पन्न हुने गरी ठेक्का स्वीकृत भै सम्झौता भैसकेको र उक्त BOQ उल्लेखित परिमाण बमोजिमको कार्य सम्पन्न गर्दा समेत आयोजना/ कार्यक्रमको काम वाँकी रहने अवस्था भएकोले सम्बन्धित आयोजनाहरूको स्वीकृत लागत अनुमान बमोजिमको थप कार्य गर्न आवश्यक प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

तपसिलः

| क्र.स | योजनाको नाम | ठेक्काबाट वचेको रकम | लागत अनुमान रु ( भ्याट समत) | कैफियत |
|---|---|---|---|---|
| १ | चिसापानी शिवालय पराजुली चोक हुंदै वुटाहाताल गौडाहा सडक, | २२,२७,१५६।०० | १९,९९,४८८।१४ | प्रदेश समपुरक |
| २ | पाल्डाडा हेल्थपोष्ट देखी रेवती गोमाता स्कूल हुंदै कञ्चनगढी , वडा नं ५ | २२,११,६६२।८५ | १९,९९,६४०।०१ | प्रदेश समपुरक |
| ३ | वडा नं १ को कार्यालयय देखी पूर्व वेलहानी साइडवाल सहित बाटो स्तरिकरण एवं भटौलिया बाट लगुनाहा जोड्ने सडक स्तरिकरण , वडा नं १२ | २१,२८,०७३।१३ | १९,९९,४८३।८३ | प्रदेश समपुरक |
| ४ | त्रिवेणी सडक देखी नवजिवन हुंदै सेन्टर प्लट देखी पश्चिम एवंसेन्टर प्लट देखी सरावल सिमा सडक स्तरोन्नती, वडा नं ४ र ८ | २०,२३,२२४।९५ | १८,६६,०३६।७३ | प्रदेश समपुरक |
| ५ | लण्डन व्रिज देखी अलावल गांउ जाने वाटो स्तरिकरणएवं सूर्यपुरा गांउ सम्म वाटो कालोपत्रे, वडा नं १० र ८ | १९,९८,१६९।६९ | १७,२५,२१९।७४ | प्रदेश समपुरक |
| ६ | खानेपानी ट्याङ्की देखी पूर्व जमुनिया सडक सम्म कालोपत्रे , वडा नं १३ | २२,११,०३४।०० | १९९९०३१।९८ | प्रदेश समपुरक |
| ७ | सिमा सडक देखी लोकाहा टोल हुंदै वरूवा सडक स्तरिकरण एवंकालुको घर देखी बनदेवी मन्दिर हुंदै जाने सडक स्तरिकरण ,वडा नं १५ र १६ | २०,५३,९०२।०० | १८४९४८८।६५ | प्रदेश समपुरक |
| ८ | पुष्पलाल चोकदेखी वडा न. १६ हुंदै वरूवा सडक कालोपत्रे | ४००००००।०० | १७,२३,०१८।६७ | नगरस्तरिय |
| ९ | लेवडा साइकल चोक देखी जमुनिया हुलाकी बाटोकालोपत्रे | ३४,५९,६२१।५८ | ३४१३४३६।५७ | नगरस्तरिय |
| १० | विद्युत पूर्वटोल वन्डाखोला उत्तर बाटो रा.मा.वि. त्रिवेणी सडक कालोपत्रे | १५३१७४९ | | तराई मधेश संवृद्धि |
| ११ | सिसहनिया चोक र नहरको पुल देखी उच्छमीटाडी सिमाना उत्तर देखी बर्मेली टोल पश्चिम हुंदै पोखरी टोल कालोपत्रे | १५,९०,९६१।४९ | | तराई मधेश संवृद्धि |
| १२ | मिगिन चोकदेखी माकर गाँउ हुंदै त्रिवेणी सडक सम्म सडक कालोपत्रे | १३,२२,५९६।०० | | नगर स्तरिय |
| १३ | नेपाल दलित जातीय उत्थान सहयोगी संस्था भवन निर्माण | ६,०४,२४०।०० | | तराई मधेश संवृद्धि |

नि.नं ४ः
यस नगरपालिका वडा नं ५ को नदि उकास क्षेत्रमा निर्माण हुन लागेको उद्योग ग्रामको पूर्वाधार संरचना निर्माण गर्ने सन्दर्भमा परामर्शदातृ संस्थाबाट पेश भएको परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने निर्णय गरियो

नि.नं ५ः  नेपाल सरकार गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं १७८६, मिति २०७७/११/२८ को पत्रबाट यस नगरपालिकामा कार्यरत सबै एम.आई.एस. अपरेटर र फिल्डसहायकहरूको सेवालाई आगामी आ.व.मा निरन्तरता दिन श्रोत अपुग हुने अवस्था भएकोले एक चौमासिक वापत हुन आउने बजेट साझेदारी गर्ने गरी प्रतिवद्दता पत्र माग भएको सन्दर्भमा  राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा प्रतिवद्दता पत्र पठाउने निर्णय गरियो ।

नि.नं ६ः यस नगरपालिकामा चालु आ.व.को बजेट बाट दमकल खरिद कार्य सम्पन्न भैसकेकेले उक्त दमकल कर्मचारी चालक लगायतको अन्य कर्मचारी सेवा करारमा लिने र सो न्यवस्था नभए सम्म दैनिक ज्यालादारीमा काममा लगाउने निर्णय गरियो ।

नि.नं ७ (क)  एस एण्ड यू कन्सल्टटेन्ट प्रा.लि.को तर्फबाट यस नगरपालिकामा सार्वजनिक नीजि साझेदारी कर्यक्रम अन्तरगत १० मेगावाट क्षमताको  सोलर प्लान्ट स्थापना गर्न यस सम्बन्धी प्रस्तावना पेश गरेको र उक्त संस्थाले पेश गरेको प्रस्तावनामा  यस नगरपालिकाको तर्फबाट २० विगाहा जग्गा उपलब्ध गराउनुपर्ने  शर्त उल्लेख गरेको सन्दर्भमा यस नगरपालिका वडा नं ४ स्थित ल्याण्ड फिल साइट निर्माण गर्न तोकिएको क्षेत्र भित्र ल्याण्ड फिल साइट निर्माण प्रक्रिया अवरूद्द नहुने गरी उक्त प्लान्ट स्थापनाको लागि उपलब्ध गराउने र प्लान्ट स्थापना गर्ने सन्दर्भमा प्लान्ट स्थापना भएपश्चात प्राप्त हुने खुद मुनाफाको ३ प्रतिशत रकम नगरपालिकालाई वुझाउनुपर्ने शर्त सहित यस नगरपालिका र सम्बन्धीत संस्था विच ३५ वर्षे कार्यसञ्चालन सम्झौता गरी उक्त प्लान्ट स्थापना गर्ने क्षेत्रको वातारणीय अध्ययन IEE/ EIA प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

नि.नं ७(ख)ः कोभिड –१९ को जोखिम कायमै रहेको सन्दर्भमा यस वर्षको होली पर्वमा हुन सक्ने सम्भावित जमघटलाई नियन्त्रण गर्ने र घर परिवारकै सदस्यहरू विच मात्र यस पर्वलाई सिमित गर्ने गरी यस सम्बन्धी सार्वजनिक सूचना प्रशारण गर्ने निर्णय गरियो ।

नि.नं ७(ग)ः चालु आ.व.को दोश्रो चौमासिक अवधि सम्मको खर्च सार्वजनिक गर्ने निर्णय गरियो ।

नि.नं ७(घ)ः क्षेत्रगत झो.पु. कार्यक्रम अन्तरतग यस नगरपालिकामा आगामी आ.व.मा सम्पन्न गने गरी तपसिल बमोजिमका योजनाहरूको लागि स्थानीय स्तरबाट बजेट माग भै आएकोले उक्त योजनाहरूको विवरण स्थानीय पूर्वाधार विभाग स्थानीय पुल शाखा श्रीमहल पुल्चोक ललितपुरमा पठाउने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | योजनाको नाम र ठेगाना | वडा | कैफियत |
|---|---|---|---|
| १ | वुद्दवस्ती –पवित्रबस्ती खजुरा खोला, | वडा नं १४ | |
| २ | नारायणचोक –गँगाबस्त खजुरा खोला | वडा नं १४ | |
| ३ | धर्मबस्ती –शुक्रवस्ती खजुरा खोला | वडा नं १४ | |
| ४ | भूताहाचापीमा पुल सितादेवी सुनारको घर छेउ | वडा नं १० | |
| ५ | वुडन्तपुर देखी दविला जाने धनेवा खोलामा | वडा नं १२ | |
| ६ | सन्ताउन्न शिवालय मन्दिर देखी पारी सालघारी टोल, धनेवा खोला | वडा नं १३ | |

नि.नं ७(ङ)ः चालु आ.व.को वार्षिक कार्यक्रम अन्तरगत ठेक्का नं १२/०७७/०७८ को CCTV खरिद सम्बन्धमा सिनर्जी आइ टी सोलुसन र यस कार्यालय विच भएको सम्झौता अनुसार सम्बन्धित कम्पनीको तर्फबाट ०७७/११/२९ सम्म सामाग्री आपूर्ति गर्नुपर्नेमा कोभिड १९ को कारण समयमा सामाग्री आपूर्ति गर्न नसकेकोले म्याद थपको लागि सम्बन्धित कम्पनीले पेश गरेको निवेदन माग बमोजिम ०७८ चैत्र २५ सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

निं.नं ७ (च) चालु आ.व.को वार्षिक कार्यक्रम अन्तरगत सि.नं ५८३ मा संघिय सरकारको लागत सहभागितामा कृषि
उपज संकलन तथा बजार पूर्वाधार निर्माण शिर्षकमा रू ६०,००,०००।०० विनियोजन भएको र शसर्त अनुदान तर्फ
सि.नं ८५४ मा लागत सहभागितामा कृषि उपज संकलन तथा बजार पूर्वाधार निर्माण शिर्षकमा रू २०,००,०००।००
विनीयोजन भएकोमा उक्त विनियोजित शिर्षक तर्फबाट यस नगरपालिका वडा नं २ चिसापानीमा मा उपभोक्ता समिति
मार्फत कृषी उपज संकलन केन्द्र निर्माण गर्ने कार्य अगाडी वढाउने निर्णय गरियो ।

नि.नं ७ (छ) चालु आ.व.मा यूवा तथा खेलकुद मन्त्रालयबाट खेल ग्राम निर्माणको रूपमा प्राप्त रकम रू
२५,००,०००।०० मध्येबाट यस नगरपालिका वडा नं ४ स्थित पारिजात सामूदायिक बनको क्षेत्र भित्र पर्ने क्याम्पाचारको
स्तरोन्नतीको लागि खुला चौर रहेको स्थानमा कुनै पनी वोट विरूवा नष्ट नहुने गरी सम्बन्धीत सामुदायिक बन संगको
समन्वयमा आवश्यक पूर्वाधार संरचना निर्माणको कार्य अगाडी वढाउने निर्णय गरियो ।

नि.नं ७(ज) यस नगरपालिकामा भ्यु टावर निर्माण गर्न रू २०,००,०००।०० विनियोजन भएकोमा यस नगरपालिका
वडा नं २ संसारकोट डाँडा स्थित संसारकोट सामुदायिक बनको क्षेत्र अन्तरगतको खाली जग्गामा त्यहाँ रहेको कुनै पनि
वोट विरूवा नष्ट नहुने गरी सम्बन्धीत सामुदायिक बन संगको समन्वयमा भ्यू टावर निर्माण कार्य अगाडी वढाउने
निर्णय गरियो ।

नि.नं ७ (झ): पर्यटन तथा संस्कृति मन्त्रालयबाट चालु आ.व.मा कञ्चनगढी क्षेत्रको पर्यटकीय पूर्वाधार विकास
अन्तरगत रू ४,५६,००,०००।०० को अख्तियारी प्राप्त भएकोमा वडा नं ५ स्थित सयपत्रि सामुदायिक बनको क्षेत्र भित्र
पर्ने खाली जग्गामा त्यहाँ रहेको कुनै पनि वोट विरूवा नष्ट नहुने गरी सम्बन्धीत सामुदायिक बन संगको समन्वयमा
संरचना निर्माणको कार्य अगाडी वढाउने निर्णय गरियो ।